त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०८१/११/२०

# इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसको स्नातकोत्तर तहमा भर्ना सम्बन्धी विस्तृत सुचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०८१/०८२ का लागि स्नातकोत्तर (M.Sc.) तहमा भर्नाका लागि २०८१ माघ महिनामा लिइएको प्रवेश परीक्षामा उत्तिर्ण भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवदेकहरुको लागि निम्नानुसारको भर्ना कार्यक्रम प्रकाशन गरिएको छ ।

**स्नातकोत्तर (M.Sc.) तहको भर्ना कार्यक्रम**

| कार्यक्रम | मिति र समय |
|---|---|
| १) Online Application Form भर्ने | २०८१/११/२६ गते बिहान १०:०० बजे देखि २०८१/१२/०१ गते अपरान्ह ३:०० बजेसम्म । |
| २) उपलब्ध कोटाको लागि निवेदन दिनुपर्ने | २०८१/११/२६, २७, २८ र २०८१/१२/०१ गते सम्म प्रत्येक दिन बिहान १०:०० बजे देखि अपरान्ह ३:०० बजे भित्र सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ । |
| ३) आवेदकहरुको नामावली प्रकाशन | २०८१/१२/०६ गते बिहान १०:०० बजे । |
| ४) प्राथमिकतामा थपघट/संशोधन | २०८१/१२/०६ गते बिहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म । |
| ५) आवेदकहरुको अन्तिम सूची प्रकाशन | २०८१/१२/०६ गते बेलुका ५:०० बजे । |
| ६) प्रथम सूची प्रकाशन | २०८१/१२/१० गते विहान १०:०० बजे । |
| ७) प्रथम सूची उपर दावि विरोध | २०८१/१२/१० गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ८) संशोधित प्रथम सूची प्रकाशन | २०८१/१२/१० गते साँझ ५:०० बजे |
| ९) प्रथम सूचीको भर्ना | २०८१/१२/११, १२, १३, १४ र १५ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजे सम्म (बिस्तृत जानकारी प्रथम भर्ना सूची संगै प्रकाशन गरिनेछ ।) |
| १०) दोश्रो सूची प्रकाशन | २०८१/१२/१८ गते बिहान १०:०० बजे । |
| ११) दोश्रो सूची उपर दावी विरोध | २०८१/१२/१८ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १२) संशोधित दोश्रो सूची प्रकाशन | २०८१/१२/१८ गते साँझ ५:०० बजे । |
| १३) दोश्रो सूचीको भर्ना | २०८१/१२/१९ र २० गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजे सम्म । |
| १४) तेश्रो सूची प्रकाशन | २०८१/१२/२२ गते बिहान १०:०० बजे |
| १५) तेश्रो सूची उपर दावि विरोध | २०८१/१२/२२ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १६) संशोधित तेश्रो सूची प्रकाशन | २०८१/१२/२२ गते साँझ ५:०० बजे । |
| १७) तेश्रो सूचीको भर्ना | २०८१/१२/२४ र २०८१/१२/२५ गते बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजे सम्म । |
| १८) यस पछिका भर्ना कार्यक्रमका लागि सूचना प्रकाशन | २०८१/१२/२६ गते । |

द्रष्टब्य: उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकस्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत सञ्चालन रहने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS
5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

यस क्याम्पसमा M.Sc. तहमा भर्ना हुन चाहने आवेदकहरुका लागि भर्ना सम्बन्धी बिस्तृत सूचना निम्नअनुसार दिइएको छ ।

Online Application Form भर्दा इ. अ. सं., प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2081 र यस भर्ना सम्बन्धि विस्तृत सूचना ध्यान दिएर पढ्न र सोहि अनुसार तोकिएको मिति र समयभित्र आवश्यक प्रक्रिया पुरागर्न सूचित गरिन्छ । कुनै थप जानकारीका लागि वा कुनै द्विविधा भएमा सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा सम्पर्क राख्न सकिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## १) अनलाइन फाराम भर्ने व्यवस्था:

यस क्याम्पसमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरुमा भर्ना हुनको लागि निम्नअनुसारको मिति र समयभित्र Online Application Form भर्नुपर्नेछ । Online Application Form भर्नु भन्दा पहिले नै आवश्यक रकम तल उल्लेखित विधि अनुसार जम्मा गरेर मात्र Online आवेदन गर्न सकिनेछ । बैंक भौचरमा आवेदकको नाम तथा प्रवेश परीक्षाको रोल नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । Online Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page प्रिन्ट गरि राख्नुपर्नेछ ।

- Online application form उपलब्ध हुने Website: pcampus.edu.np
- Online Application Form उपलब्ध हुने समय: २०८१/११/२६ गते बिहान १०:०० बजे देखि
  २०८१/१२/०१ गते अपरान्ह ३:०० बजे सम्म ।

१.१) Online Application Form भर्दा प्रति बिषय रु. ५००।- का दरले शुल्क लाग्नेछ । कुनैपनि कार्यक्रमको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) लाई छुट्टा-छुट्टै बिषयका रुपमा गणना गरिनेछ । त्यसैले नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवैमा प्राथमिकता क्रम राखि आवेदन दिएको खण्डमा यसलाई दुई बिषय मानिनेछ । कोटाका आवेदकहरुले खुल्ला तर्फ आवेदन दिन चाहेमा छुट्टै Online Application Form भर्नुपर्नेछ ।

१.२) आवेदन शुल्क भुक्तानि गर्दा निम्न विधि अनुसार गर्न सकिनेछ ।

- उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड, पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खातामा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ । बैंक भाउचर भर्दा Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2081-16026 भएमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ ।

- उल्लेखित शुल्क विभिन्न e-Wallet सेवा प्रदायक (जस्तै: eSewa, Khalti, IME Pay), ConnectIPS, सिद्धार्थ बैंक लिमिटेडको Bank Smart मार्फत पनि गर्न सकिनेछ । यस विधिबाट भुक्तानि गर्दा आवेदकको पुरा नाम, साल बाहेकको IOE Entrance Exam को Roll No. (जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2081-16026 भएमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ) र आवश्यक रकम राखि भुक्तानि गर्नुपर्ने छ ।

5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## २) कार्यक्रम अनुसार भर्ना सिट संख्या:

यस क्याम्पसमा स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरुमा भर्ना क्षमता प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2081 को बुँदा नं. १.४ अनुसार हुनेछ ।

## ३) कार्यक्रम अनुसार भर्नाका लागि आवश्यक न्यूनतम योग्यता:

स्नातकोत्तर तहका विभिन्न कार्यक्रममा भर्ना हुनका लागि Prerequisite Degree र Entrance Stream प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2081 को बुँदा नं. २.१ अनुसार हुनेछ ।

## ४) कार्यक्रम स्थगन हुन सक्ने:

कुनै पनि कार्यक्रममा प्रथम भर्ना सूचि प्रकाशन हुने समयसम्म पूर्णशुल्किय र प्रायोजित कोटाको ६० प्रतिशत सिट पुरा हुने नदेखिएमा क्याम्पसले सो कार्यक्रमलाई त्यस वर्षको निम्ति स्थगन गर्ने भएकोले यस्तो अवस्थामा स्थगित भएको कार्यक्रमलाई गणना नगरी भर्ना सूचि प्रकाशित गरिनेछ ।

तेस्रो भर्ना सूचि पश्चात् पनि पूर्णशुल्किय र प्रायोजित कोटाको ६० प्रतिशत सिटमा भर्ना नभएको खण्डमा समेत उक्त कार्यक्रम यस शैक्षिक वर्षको लागि स्थगित हुनेछ र आवेदकको भर्ना शुल्क पुरै फिर्ता गरिनेछ।

## ५) प्राथमिकता क्रममा थपघट वा संशोधन:

Online Application Form भर्दा तोकिएको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नुपरेमा २०८१/१२/०६ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेभित्रमा निम्नानुसारको थप शुल्क सहितको बैंक भौंचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनुपर्नेछ ।

- प्राथमिकता संशोधन शुल्क रु. ५००।-
- बिषय थप गर्नु परेमा प्रति बिषय रु.५००।-
- प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुनेछैन ।

## ६) Quota अन्तर्गत आवेदन सम्बन्धमा:

कुनै पनि Quota (IoE Reserved/Sponsored/TU/TU-IoE) मा आवेदन दिने आवेदकहरुले रु. ५००।- सिद्धार्थ बैंकमा बुझाई कोटाका लागि छुट्टै Online Application Form भर्नुपर्ने छ । Quota को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन दिन पाईनेछ । कुनै पनि Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वत: हट्नेछ । कोटा अनुसार तपसिल बमोजिमका कागजातहरु मिति २०८१/११/२६, २७, २८ र २०८१/१२/०१ गते बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ ।

### ६.१) IoE Reserved Quota अन्तर्गत आवेदन सम्बन्धमा:

IoE Reserved Quota मा आवेदन दिने आवेदकहरुले निम्नाअनुसारका कागजातहरु तोकिएको मिति र समय भित्र बुझाउँनु पर्नेछ ।

5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढ्न चाहेको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- IoE Reserved Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- सम्वन्धित क्याम्पसमा हालसम्म कार्यरत रहेको प्रमाणित पत्र ।
- IoE Reserved Quota मा भर्नाको लागि इ.अ.सं. डीनको कार्यालयको पुर्व स्विकृति/सिफारिस पत्र ।

यस कोटामा इ.अ.संस्थानमा कार्यरत स्थायी शिक्षक/कर्मचारीहरुलाई प्राथमिकता दिइनेछ । स्थायी शिक्षक/कर्मचारी नभएको खण्डमा कम्तीमा तीन वर्ष सेवा गरिसकेका अस्थायी/करार शिक्षक/कर्मचारी लाई भर्ना गर्न सकिनेछ । तर IoE Reserved Quota मा छनोट भएका शिक्षक/कर्मचारीको हकमा सम्वन्धित कार्यक्रममा अध्ययनका लागि लाग्ने सम्पूर्ण शुल्क आवेदक स्वयमले व्यहोर्नु पर्नेछ ।

**६.२) TU/TU-IoE Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

TU/TU-IoE Quota अन्तर्गत आवेदन दिने आवेदकहरुले निम्नाअनुसारका कागजातहरु तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढन खोजेको हो, सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेका निवेदन ।
- शिक्षक कर्मचारीका छोराछोरीका लागि आवेदन दिने भएमा आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी को छोराछोरी हो र कुन विषय पढन खोजेको हो, सो खुलाएको निवेदन ।
- TU/TU-IoE Reserved Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- शिक्षक/कर्मचारीको हकमा सम्बन्धित डीनको कार्यालयबाट वा रजिस्ट्रारको कार्यालयबाट पूर्व स्वीकृती पत्र ।
- शिक्षक कर्मचारीका छोराछोरीको हकमा शिक्षक/कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट सिफारिस पत्र ।

**६.३) Sponsored Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

Sponsored Quota अन्तर्गत आवेदन दिने आवेदकहरुले निम्नाअनुसारका कागजातहरु तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- आफूलाई कुन संस्थाले प्रायोजन गर्न लागेको हो, कुन विषय पढन चाहको हो, सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- Sponsored Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- प्रायोजन गर्ने संस्थाले कुन विषयमा पढ्नका लागि प्रायोजन गर्न लागेको हो सो खुल्ने गरि प्रायोजन गर्ने प्रतिबद्धता सहितको पत्रको सक्कल प्रति ।
- सरकारी कार्यालय र सरकारको स्वामीत्व भएका संस्थाहरूले प्रायोजन गर्न चाहेमा प्रायोजन गर्न गरेको निर्णयको प्रतिलिपी ।
- सरकारी कार्यालय बाहेकका प्रायोजन गर्ने संस्थाको लागि दर्ता प्रमाणपत्र, संस्थाको नवीकरण (आवश्यकता अनुसार), कर दर्ता र गत आ.ब. को कर चुक्ता प्रमाणपत्र ।

Sponsored Quota मा भर्ना हुनका लागि तोकिएको शुल्क एकमुष्ट चेकबाट भुक्तानी गर्नुपर्नेछ । यसरी भुक्तानी गर्दा प्रायोजक संस्थाको खाताबाट भुक्तानी हुनेगरी यस क्याम्पस **(I.O.E. Pulchowk Campus)** को नाममा खिचिएको एकाउन्टपेयी चेकबाट हुनुपर्नेछ । Sponsored Quota मा भर्ना हुन आवेदन दिने आवेदकहरुको भर्नाको लागि नाम प्रकाशन गर्दा निम्न बमोजिम प्राथमिकता दिइनेछ ।

- पहिलो प्राथमिकता: सरकारी कार्यालयहरु र सरकारको स्वामित्व भएका संस्थाहरु ।
- दोस्रो प्राथमिकता : अन्य सबै संस्थाहरु ।

कुनै आवेदकले Sponsored तथा Regular वा/र Full Fee दुवैतर्फ आवेदन दिएको खण्डमा Sponsored सिटमा प्राथमिकता दिइनेछ ।

**६.४) Foreign Quota अन्तर्गत आवेदन सम्बन्धमा:**

विदेशी आवेदकहरुको हकमा प्रवेश परीक्षा बोर्डद्वारा जारी गरिएको Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2081 को बुँदा नं. १.५ बमोजिम भर्ना गरिनेछ । Foreign Quota अन्तर्गत आवेदन दिने आवेदकहरुले निम्नाअनुसारका कागजातहरु तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ ।

- Foreign Quota का लागि Online Application Form भरिसकेपछि प्रमाण स्वरुप प्राप्त Confirmation Page ।
- पासपोर्ट वा दुताबासले उपलब्ध गराएको फोटो सहितको परिचयपत्र को प्रमाणित प्रतिलिपि ।

## ७) TA/RA अर्न्तगतको निवेदन सम्बन्धमा:

- TA/RA मा निवेदन दिन इच्छुक आवेदकहरुले दस्तुर रु. ५०० तिरी यस समितिले तयार पारेको ढाँचा अनुसार भर्ना सुची अनुसार भर्ना हुन आउँदा निवेदन दिनुपर्नेछ ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- TA/RA को लागि Information Brochure, Entrance Examination and Admission Procedure for M.Sc. Programs, 2081 बुँदा नं. १.४ को Table III मा उल्लेख गरेको मध्ये कुनै एउटा मात्रै कार्यक्रममा निवेदन दिन पाइनेछ।
- TA/RA मा निवेदन दिएका आवेदकहरुको नामावली प्रकाशन गर्दा प्रवेश परीक्षाको योग्यताक्रम अनुसार गरिनेछ।
- TA/RA प्रोग्राम अर्न्तगत निवेदन दिइसकेपछि माथिल्लो प्राथमिकताको कार्यक्रममा सिफ्ट हुन पाइने छैन।
- TA/RA सम्बन्धि बिस्तृत जानकारी पुल्चोक क्याम्पसको TA/RA Guideline बाट प्राप्त गर्न सकिनेछ।
- TA/RA को निवेदन प्रथम चरणको भर्ना प्रक्रियामा मात्र समावेश गरिनेछ।
- Sponsored कोटामा आवेदन दिएका आवेदकहरुले TA/RA प्रोग्राममा आवेदन दिन पाउने छैनन्।

## ८) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरुः

माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा भर्नागर्न पाउँने छैनन्। तर तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भईसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्ला सूचीहरुमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरुमा नाम प्रकाशित गरिनेछ। पूर्णशुल्किय कार्यक्रम अन्तर्गत भर्नाको लागि पनि यहि नियम लागु हुनेछ। अर्थात् कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा प्रकाशित भएमा निज पूर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनुपर्नेछ अन्यथा निजको भर्ना खारेज हुनेछ। अतः पूर्णशुल्किय तथा नियमित कुनै पनि कार्यक्रममा निःसन्देह भर्ना हुन चाहने आवेदकहरुलाई मात्र उक्त कार्यक्रमका लागि आवेदन दिन सतर्क गराईएको छ। भर्ना भइसकेपछि भर्ना भएकै कार्यक्रममा रहि अन्य माथिल्ला प्राथमिकतामा नसर्ने चाहना भएमा आफु माथिल्लो प्राथमिकतामा नसर्ने भनि लिखित निवेदन दिनुपर्नेछ। तसर्थ आफुलाई इच्छा नलागेको कार्यक्रममा प्राथमिकता नभर्न तथा इच्छा लागेका कार्यक्रमहरुमा मात्र आफ्नो रुचिको प्राथमिकता अनुसार आवेदन गर्न सूचित गरिन्छ।

- IoE Reserved,Sponsored Quota,TU/TU-IoE, को लागि कुनै एउटा कार्यक्रममा मात्र आवेदन गर्न पाईनेछ।
- कुनै आवेदकले IoE Reserved, Sponsored Quota, TU/TU-IoE तथा Regular र/वा Full-Fee दुवै तर्फ आवेदन दिएको छ भने कोटातर्फको आवेदनलाई लागि प्राथमिकता दिईनेछ।
- IoE Reserved, Sponsored Quota, TU/TU-IoE मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वतः बाहिरिनेछ।
- Sponsored Quota को आवेदन प्रथम भर्ना प्रक्रियामा मात्र समावेश गरिनेछ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## ९) भर्ना हुन आउँदा ध्यान दिनुपर्ने कुराहरु:

- ✓ भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनुपर्नेछ ।
- ✓ अघिल्लो कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले कारणवस म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुनः भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिन सक्नेछन् । यसरी निवेदन दिने हरुको नाम निवेदन दिएको लगतै पछि निस्कन लागेको सूचि भन्दा पछि निस्कने अर्को सूचिमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार समावेश गरिनेछ ।
- ✓ भर्ना सूचिमा नाम प्रकाशित भई भर्ना भइसकेपछि कुनै पनि आवेदकले आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनि लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।
- ✓ भर्ना हुन् आउँदा निम्नबमोजिम भर्ना शुल्क र देहाय बमोजिम कागजातहरु सँगै लिई तोकिएको मिति र समयभित्र आउँनुपर्नेछ ।

| बिवरण | नियमित | पूर्णशुल्किय | प्रायोजित | बिदेशी |
|---|---|---|---|---|
| शिक्षण शुल्क | १३,९४४।- | ६२,९६९।- | १,७०,०१७।- | अमेरिकी $२२६६।- |
| परीक्षा शुल्क | २,६७५।- | २,६७५।- | २,६७५।- | अमेरिकी $२६।- |
| आवेदन प्रसोधन शुल्क | १००।- | १००।- | १००।- | अमेरिकी $१।- |
| परीक्षा केन्द्र शुल्क | १५०।- | १५०।- | १५०।- | अमेरिकी $२।- |
| इन्टरनेट शुल्क | १,२००।- | १,२००।- | १,२००।- | अमेरिकी $१५।- |
| फिर्ता हुने धरौटी | | | | |
| क्याम्पस धरौटी | १,०००।- | १,०००।- | | अमेरिकी $१०।- |
| प्रयोगशाला धरौटी | १,०००।- | १,०००।- | | अमेरिकी $१०।- |
| पुस्तकालय धरौटी | १,०००।- | १,०००।- | | अमेरिकी $१०।- |
| फिर्ता नहुने शुल्क | | | | |
| क्याम्पस विकाश कोष | ३,०००।- | ३,०००।- | | अमेरिकी $२००।- |
| मर्मत कोष | २,०००।- | २,०००।- | | |
| परिचय पत्र | २००।- | २००।- | २००।- | अमेरिकी $२०।- |
| स्वास्थ्य बिमा | ५००।- | ५००।- | ५००।- | अमेरिकी $५।- |
| Graduate Conference | ५,०००।- | ५,०००।- | ५,०००।- | अमेरिकी $१००।- |
| भर्ना हुँदा | ३१,७६९।- | ८०,७९४।- | ७,०२,२६८।- | अमेरिकी $२,६६५।- |

* त्रि.वि. दर्ता शुल्क रु. ५००।- (विदेशबाट उत्तीर्ण गरेकाहरुका लागि रु. १,०००।-)

* Hydropower Engineering को लागि थप रु. ५०,०००।-

* Power Electronics and Drives Engineering, Material Science Engineering र Climate Change and Development को लागि प्रति सेमेस्टर थप रु. २५,०००।-

- ✓ नेपाली नागरिकता वा विदेशी आवेदकका लागि पासपोर्ट वा दुतावासले उपलब्ध गराएको फोटो

5-521260
5-521611
5-522104
5-522809


पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

सहितको परिचयपत्र को सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति ।

- ✓ राष्ट्रिय परिचयपत्रको प्रतिलिपि १ प्रति (बैंकिङ प्रयोजनको लागि) ।
- ✓ इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्ड द्वारा २०८१ माघमा लिइएको प्रवेश परीक्षा उत्तीर्ण भइ प्राप्त गरेको Score Card ।
- ✓ हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।
- ✓ एस.एल.सी./एस.इ.इ. र उच्च माध्यमिक तह (10+2) वा सो सरहका परीक्षाका लब्धाङ्कपत्र, बोर्ड द्वारा प्राप्त प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रहरुका सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- ✓ स्नातक तह वा सो सरहको लब्धाङ्कपत्र, प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- ✓ त्रि.वि. बाहेक अन्य बोर्डबाट स्नातक तह उत्तीर्ण गर्नेहरुले सम्वन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- ✓ विदेशी बोर्डबाट स्नातक तह उत्तीर्ण गर्नेहरुले समकक्षताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- ✓ TA/RA मा निवेदन दिन इच्छुक आवेदकहरुले भर्ना हुने दिनमा थप दस्तुर रु. ५०० तिरी यस समितिले तयार पारेको ढाँचा अनुसार निवेदनको फारम भरी भर्ना समिति CIT मा निवेदन दिनुपर्नेछ ।

अध्यक्ष
भर्ना समिति २०८१
पुल्चोक क्याम्पस

बैंक भाउचरको नमुना :


SiddharthaBank
DEPOSIT SLIP
निक्षेप जम्मा रसिद
BRANCH शाखा
DATE मिति
Account Type: खाताको प्रकार: Current चल्ती / Savings बचत / Call कल / ✓ Others अन्य
A/C No. खाता नं.
CASH नगद
CHECK चेक
Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS
Amount in Figures रकम अंकमा
Check Deposit चेक जम्मा
Check No. चेक नं. | Drawee Bank-Branch चेक निष्काशन बैंक-शाखा | Amount रकम
TOTAL जम्मा
Cash Deposit नगद जम्मा
Denomination नगद विवरण
1000 x
500 x
250 x
100 x
50 x
25 x
20 x
10 x
5 x
2 x
1 x
Coins
TOTAL जम्मा
Amount in words रकम अक्षरमा
Deposited by जम्मा गर्ने — Name नाम: RAM CHANDRA CHAUDHARY — Sign दस्तखत
EXAM ROLL NO. 16026